Lokadarpana
Vol. VI, No. 1, 57-69, April, 2026
Pandit Shree Lokanath Luitel Smriti Pratishthan, Dharan

# 'आगोको यात्रा' खण्डकाव्यमा वर्गीय चेतना

**डा. गोविन्द आचार्य***

govindapacharya@gmail.com

Received Date: February 16, 2026 - Accepted Date: March 28, 2026

**लेखसार**

यस लेखमा आगोको यात्रा खण्डकाव्यलाई प्रगतिवादी–मार्क्सवादी सैद्धान्तिक दृष्टिकोणबाट विश्लेषण गरिएको छ। अध्ययनको आधार ऐतिहासिक भौतिकवाद, द्वन्द्वात्मक भौतिकवाद तथा मार्क्सवादी सौन्दर्यशास्त्रमा रहेको छ। लेखको प्रारम्भमा साहित्य र समाज बिचको सम्बन्ध केवल परावर्तनात्मक नभई द्वन्द्वात्मक र रूपान्तरणमुखी हुन्छ भन्ने सैद्धान्तिक धारणा स्थापित गरिएको छ। वर्गीय समाजमा साहित्य तटस्थ रहन नसक्ने र अनिवार्य रूपमा कुनै न कुनै वर्गीय पक्षधरता वहन गर्ने मान्यतालाई आधार मानी काव्यको मूल्याङ्कन गरिएको छ। अध्ययनले काव्यमा द्वन्द्वात्मक भौतिकवादी दर्शनको आधारमा कथानक निर्माण भएको छ कि छैन, सर्वहारावर्गीय विचारधाराको पक्ष लिइएको छ कि छैन, आर्थिक–भौतिक यथार्थ र वैचारिक चेतना बिचको सम्बन्ध द्वन्द्वात्मक रूपमा चित्रित भएको छ कि छैन, तथा परिवर्तनमुखी चेतना निर्माण भएको छ कि छैन भन्ने प्रश्नहरूको परीक्षण गरेको छ। पाठ–केन्द्रित विश्लेषणबाट आगो, ज्वाला, रगत, जनशक्ति, सहिद, आन्दोलन, चेतना आदि प्रतीकहरू वर्गसङ्घर्ष र ऐतिहासिक रूपान्तरणका बिम्बका रूपमा प्रयोग भएको निष्कर्ष निकालिएको छ।काव्यमा क्रान्तिपछिको सत्ता–विचलन, वर्गीय विश्वासघात, आर्थिक निर्भरता, श्रम–शोषण आदिको आलोचनात्मक चित्रण पाइन्छ। भौतिक यथार्थबाट चेतनाको उदय र चेतनाबाट सङ्घर्षतर्फको गतिको प्रस्तुति द्वन्द्वात्मक ढङ्गले गरिएको देखिन्छ। यसले पीडालाई केवल करुणामा सीमित नराखी प्रतिरोध र रूपान्तरणतर्फ मोडेको छ। त्यसैले काव्यलाई जनपक्षीय, वर्गीय सचेत र परिवर्तनमुखी चेतनाले सम्पन्न प्रगतिवादी काव्यकृतिका रूपमा स्थापित गरिएको छ।

* लेखक काठमाडौँस्थित रत्नराज्यलक्ष्मी क्याम्पसमा नेपाली विषयका उपप्राध्यापक हुनुहुन्छ।

**शब्दकुञ्जी** : द्वन्द्वात्मक भौतिकवाद, वर्गीय चेतना, वर्गसङ्घर्ष, सर्वहारावर्ग, सामाजिक रूपान्तरण,

## विषय परिचय

साहित्य र समाजबीचको सम्बन्ध केवल परावर्तनात्मक मात्र होइन, द्वन्द्वात्मक र रूपान्तरणमुखी पनि हुन्छ। मार्क्स र एङ्गेल्स द्वारा प्रतिपादित ऐतिहासिक भौतिकवादले सामाजिक अस्तित्व र सामाजिक चेतनाबिचको अन्तर्सम्बन्धलाई विश्लेषण गर्दै उत्पादन सम्बन्ध र वर्गीय द्वन्द्वलाई इतिहासको मूल प्रेरक शक्ति मानेको छ। यस सैद्धान्तिक पृष्ठभूमिमा विकसित मार्क्सवादी सौन्दर्यशास्त्रले साहित्यलाई वर्गीय समाजको वैचारिक अधिरचनाको रूपमा ग्रहण गर्छ, जहाँ कुनै पनि रचना तटस्थ रहन सक्दैन। साहित्य या त विद्यमान सत्ताको संरक्षणमा उभिन्छ, या त्यसको आलोचना गर्दै रूपान्तरणको पक्षमा उभिन्छ। प्रगतिवाद यसै मार्क्सवादी चिन्तनबाट प्रभावित साहित्यिक–दार्शनिक धारा हो, जसले शोषण, असमानता, वर्गीय विभाजन, सामन्ती संस्कार र वैचारिक रूढिवादको विरोध गर्दै समानतामूलक तथा जनवादी समाज निर्माणको पक्ष लिन्छ। यस दृष्टिकोणले साहित्यलाई केवल सौन्दर्यात्मक सृजनाका रूपमा नभई वर्गीय चेतनाको संवद्र्धन गर्ने र राजनीतिक–सामाजिक रूपान्तरणलाई प्रेरित गर्ने वैचारिक उपकरणका रूपमा व्याख्या गर्छ। आगोको यात्रा खण्डकाव्य यसै प्रगतिवादी चेतनाबाट निर्देशित काव्यकृति हो, जसमा परिवर्तनको आह्वान, सत्ता–विचलनको आलोचना, वर्गीय चेतनाको उद्भव, र सामाजिक रूपान्तरणको आकांक्षा स्पष्ट रूपमा अभिव्यक्त भएको देखिन्छ। काव्यमा आगो, ज्वाला, रगत, जनशक्ति, आन्दोलन, सहिद, चेतना जस्ता प्रतीकहरूले वर्गीय द्वन्द्व र ऐतिहासिक परिवर्तनको प्रक्रियालाई बिम्बात्मक रूपमा प्रस्तुत गरेका छन्। विशेषतः “जनताको शक्ति साटेपछि बन्दुकहरू सल्बलाउन थाले” जस्ता अभिव्यक्तिहरूले क्रान्तिपछिको सत्ता–संरचनामा आएको विचलनलाई उजागर गर्दै आर्थिक आधार र राजनीतिक अधिरचनाबिचको द्वन्द्वात्मक सम्बन्धलाई संकेत गर्छन्।

यस अध्ययनको केन्द्रीय उद्देश्य आगोको यात्रा खण्डकाव्यलाई प्रगतिवादी–मार्क्सवादी दृष्टिकोणबाट विश्लेषण गर्नु हो तसर्थ वर्गीय चेतना र द्वन्द्वात्मक आलोचना के कस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित रही वर्गीय चेतना र द्वन्द्वात्मक आलोचनालाई विश्लेषण गर्नु यस शोधलेखको उद्देश्य रहेको छ।

## अध्ययन विधि

आलोचनात्मक परीक्षणद्वाराआगोको यात्रा काव्यको प्रगतिवादी स्वरूप, वर्गीय पक्षधरता र मार्क्सवादी सौन्दर्यशास्त्रीय आधारको सुनिश्चित मूल्याङ्कन गरिएको छ। यस अध्ययनमा गुणात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ। अनुसन्धानको स्वरूप व्याख्यात्मक र विश्लेषणात्मक रहेको छ, जसमा पाठ–केन्द्रित आलोचनात्मक विश्लेषणलाई मुख्य विधिका रूपमा प्रयोग गरिएको छ। अध्ययनको सैद्धान्तिक आधार ऐतिहासिक भौतिकवाद, द्वन्द्वात्मक भौतिकवाद र मार्क्सवादी सौन्दर्यशास्त्रमा आधारित छ। कार्ल मार्क्स, फ्रेडेरिक एङ्गेल्स, लेनिन र माओद्वारा प्रतिपादित वर्गीय चेतना, साहित्यको पक्षधरता र विचार–क्रियाको ऐक्यसम्बन्धी अवधारणालाई विश्लेषणको आधार बनाइएको छ।अध्ययनको प्राथमिक स्रोत आगोको यात्रा खण्डकाव्य हो। द्वितीयक स्रोतका रूपमा मार्क्सवादी दर्शन, प्रगतिवादी साहित्य र सौन्दर्यशास्त्रसम्बन्धी प्रकाशित ग्रन्थ, अनुसन्धान लेख तथा सैद्धान्तिक सामग्रीहरू प्रयोग गरिएको छ। यस

काव्यको विश्लेषणको प्रक्रिया काव्यभित्र प्रयुक्त प्रमुख प्रतीक (आगो, ज्वाला, रगत, जनशक्ति आदि) को वर्गीय अर्थ–व्याख्या गरिएको छ। कथ्य, बिम्ब र शैलीमा अन्तर्निहित सत्ता–विरोध, वर्गीय चेतना र ऐतिहासिक सन्दर्भको विश्लेषण गरिएको छ। आर्थिक–भौतिक यथार्थ र वैचारिक अधिरचनाबिचको अन्तर्सम्बन्धलाई द्वन्द्वात्मक परिप्रेक्ष्यबाट परीक्षण गरिएको छ। काव्यले परिवर्तनमुखी चेतना निर्माण गरेको छ वा छैन भन्ने प्रश्नलाई आलोचनात्मक रूपमा मूल्याङ्कन गरिएको छ। यो अध्ययन निगमनात्मक दृष्टिकोणमा आधारित छ, जहाँ स्थापित मार्क्सवादी सिद्धान्तलाई पाठमा लागू गरी त्यसको उपयुक्तता परीक्षण गरिएको छ। साथै, आवश्यक स्थानमा आगमनात्मक विश्लेषण पनि प्रयोग गरिएको छ, जसबाट पाठभित्रका बिम्ब र संरचनाबाट निष्कर्ष व्युत्पन्न गरिएको छ।

## सैद्धान्तिक पर्याधार

साहित्य र कलालाई विचारधाराको रूपका रूपमा ग्रहण गर्दै, त्यसको जड समाजको आर्थिक–भौतिक संरचनामा अवस्थित हुन्छ भन्ने मान्यता मार्क्सवादी सौन्दर्यशास्त्रको केन्द्रीय सिद्धान्त हो। उत्पादनका भौतिक परिस्थितिहरू र तिनबाट उत्पन्न हुने वैचारिक अधिरचना (कगउभचकतचगअतगचभ) बीचको भेद तथा अन्तःसम्बन्धलाई स्पष्ट पार्दै सामाजिक यथार्थको विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याइएको छ (मार्क्स, १९८७, पृ. १)। ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार आदिम साम्यवादी चरणपछिको सम्पूर्ण मानव इतिहास वर्गसङ्घर्षको इतिहास हो, र यही वर्गीय द्वन्द्व सामाजिक रूपान्तरणको मूल प्रेरक शक्ति हो (मार्क्स र एङ्गेल्स, १९७८, पृ. ४७३–४७५)। वस्तुगत आवश्यकताले नयाँ ऐतिहासिक परिस्थितिको निर्माण गर्दछ र त्यही प्रक्रिया पुनः नयाँ द्वन्द्व र नयाँ आवश्यकताको जन्मदात्री बन्छ; यसरी सामाजिक विकास द्वन्द्वात्मक प्रक्रियाबाट अगाडि बढ्छ। आर्थिक आधार र वैचारिक अधिरचनाबीचको सम्बन्ध एकतर्फी निर्धारणवादमा सीमित नभई पारस्परिक प्रभावको सम्बन्धमा अवस्थित हुन्छ भन्ने कुरा एङ्गेल्सले स्पष्ट गरेका छन् (एङ्गेल्स, १९८२, पृ. २६७)। यसै सैद्धान्तिक मान्यताको विस्तार साहित्य र कलामा पनि लागू हुन्छ। वर्गीय समाजमा साहित्य तटस्थ हुन सक्दैन त्यो अनिवार्यतः कुनै न कुनै वर्गीय पक्षधरता वहन गर्दछ (मिश्र, २०१०, पृ. ३१४)। लेनिनका अनुसार समाजवादी सर्वहाराका लागि साहित्य व्यक्तिगत स्वार्थ वा गुटीय हितको साधन हुन सक्दैन; त्यो सर्वहारावर्गीय सङ्गठन र ऐतिहासिक लक्ष्यसँग अभिन्न सम्बन्धमा रहनुपर्छ (लेनिन, १९६७, पृ. ४७)। यस सन्दर्भमा साहित्यको कार्य केवल यथार्थको प्रतिविम्बन मात्र होइन, अपितु वर्गीय चेतनाको संवद्र्धन र राजनीतिक सङ्घर्षको सैद्धान्तिक आधार निर्माण गर्नु पनि हो (माओ, १९५६, पृ. १४०)। मार्क्सवादी सौन्दर्यशास्त्रमा कलाको मूल्य त्यति नै उच्च मानिन्छ, जति त्यो आफ्नो युगको मुक्तिकामी विचारधारासँग तादात्म्य स्थापित गर्न सक्षम हुन्छ (प्लेखानोभ, १९५३, पृ. २३६)। श्रमलाई ऐतिहासिक तथा सृजनात्मक शक्ति मान्दै श्रमिक वर्गको भूमिकालाई केन्द्रीय स्थानमा राख्नु प्रगतिवादी साहित्यको मूल प्रवृत्ति हो (गोर्की, १९८७, पृ. २४४)। साहित्यले सामाजिक यथार्थको विशेष सङ्गठनलाई सौन्दर्यात्मक विम्बमा प्रस्तुत गर्दै मानवको जीवनशक्ति, सङ्घर्षशीलता र सक्रिय सहभागितालाई प्रोत्साहित गर्नुपर्छ भन्ने धारणा पनि यसै परम्परामा अभिव्यक्त भएको पाइन्छ (जीस, १९८५, पृ. १२६)। त्यसैगरी, कला सामाजिक जीवनसँग अविच्छिन्न सम्बन्धमा रहेको सामाजिक

उत्पादन हो, जसको अस्तित्व सामाजिक सन्दर्भ, स्वीकृत भाषिक संरचना र वैचारिक सम्बन्धहरूको माध्यमबाट निर्मित हुन्छ (कडबेल, १९५६, पृ. ६३; लुनाचार्स्की, १९६५, पृ. १४)। कला केवल आत्मपरक भावप्रवाह होइन; यसले वस्तुगत यथार्थको द्वन्द्वात्मक बोध प्रस्तुत गर्नुपर्छ (याङ, १९५४: १९)। क्रान्तिकारी दर्शनको रूपमा मार्क्सवादले विचार र क्रियाको ऐक्यलाई स्वीकार गर्दछ—मानव क्रियाकलापले विचार निर्माण गर्दछ र विचारले पुनः क्रियालाई रूपान्तरण गर्दछ (राय, २०१०, पृ. १९७–१९८)। यसरी सामाजिक सत्ता र सामाजिक चेतनाबीचको पारस्परिक रूपान्तरणको प्रक्रिया द्वन्द्वात्मक सम्बन्धमा अवस्थित हुन्छ (चैतन्य, २०६४: २०)। यसरी प्रगतिवाद मूलतः मार्क्सवादी चिन्तनबाट प्रभावित साहित्यिक–दार्शनिक धारा हो, जसले समाजलाई वर्गीय संरचनामा विभाजित यथार्थका रूपमा हेर्छ। यसका अनुसार समाज शोषक र शोषित वर्गमा विभाजित हुन्छ, असमानता, उत्पीडन र अन्याय ऐतिहासिक–संरचनागत कारणबाट उत्पन्न हुन्छन् , साहित्य केवल सौन्दर्यबोधको विषय होइन, सामाजिक रूपान्तरणको साधन हो। यस दृष्टिकोणले साहित्यलाई वर्गीय चेतनाको अभिव्यक्ति र परिवर्तनको हतियारका रूपमा ग्रहण गर्दछ। त्यसैले प्रगतिवादी साहित्य यथार्थको उद्घाटन मात्र होइन, परिवर्तनको आह्वान पनि हो। समाजमा विद्यमान वर्गीय विभाजन, शोषण–उत्पीडन, अन्यायपूर्ण सत्ता संरचना, सामन्ती सोच र रूढिवादको विरोध गर्छ र नयाँ, समानतामूलक, वैज्ञानिक तथा जनवादी समाज को पक्ष लिन्छ। रचना केवल पीडाको वर्णनमा सीमित हुनुहुँदैन र यसले सक्रिय परिवर्तनको आग्रह गर्नुपर्दछ। जनता स्वयं परिवर्तनका वाहक हुनुका साथै यसले इतिहासका निर्माता हुन् भन्ने मार्क्सवादी अवधारणालाई पुष्टि गर्ने एक महत्त्वपूर्ण श्रमिक दस्तखत हुनुपर्छ भन्ने मान्यतालाई पनि स्थापना गर्दछ।

उपर्युक्त सैद्धान्तिक पृष्ठभूमिमा 'आगोको यात्रा' खण्डकाव्यको वैचारिक मूल्याङ्कन गर्दा केन्द्रीय प्रश्नहरू यसप्रकार उभिन्छन्—के उक्त काव्यले द्वन्द्वात्मक भौतिकवादी दर्शनको आधारमा कथानकको निर्माण गरेको छ ? के यसले सर्वहारावर्गीय विचारधाराको पक्षधरता बहन गर्दै वर्गीय मुक्ति, राजनीतिक सङ्घर्ष र सामाजिक रूपान्तरणलाई केन्द्रीय ध्येय बनाएको छ ? के यसमा आर्थिक–भौतिक यथार्थ र वैचारिक चेतनाबीचको सम्बन्धलाई द्वन्द्वात्मक रूपमा चित्रित गरिएको छ (मार्क्स, १९८७, पृ. १) ? साथै, के काव्यले वर्गीय विभेद र उत्पीडनलाई यथार्थ रूपमा उद्घाटन गर्दै परिवर्तनमुखी चेतनाको निर्माण गरेको छ, अथवा केवल यथार्थको निरपेक्ष प्रस्तुति मात्र दिएको छ ? यस प्रकारका प्रश्नहरूको आलोचनात्मक परीक्षणद्वारा मात्र उक्त कृतिको प्रगतिवादी स्वरूप, वर्गीय पक्षधरता र मार्क्सवादी सौन्दर्यशास्त्रीय आधारको सुनिश्चित मूल्याङ्कन सम्भव हुन्छ। वर्गसङ्घर्षको स्वीकारोक्ति र सामाजिक रूपान्तरणको लक्ष्यबिना प्रगतिवादी साहित्यको दार्शनिक आधार अधुरो रहन्छ (सिंह, २०६९, पृ. ३०५–३१२)। त्यसैले 'आगोको यात्रा' को वैचारिक संरचनालाई ऐतिहासिक भौतिकवाद, वर्गीय पक्षधरता र द्वन्द्वात्मक यथार्थवादको कसौटीमा परीक्षण गर्नु अत्यावश्यक देखिन्छ।

## तथ्यको विश्लेषण

यस अध्ययनमा वर्गीय चेतना एवम् द्वन्द्वात्मक आलोचनात्मक दृष्टिबाट आगोको यात्रा खण्डकाव्यको विश्लेषण गरिएको छ।

## वर्गीय चेतना

आगोका यात्रादेखि आगोको यात्रासम्म काव्यसङ्ग्रहमा सङ्गृहीत आगोको यात्रा खण्डकाव्य करिब ४० पेजसम्म विस्तारित छ। काव्यशैली गद्यकवितात्मक रहेका छ। खण्डकाव्यमा परिवर्तनको सङ्केत, पुरानो शासनप्रणालीको आलोचना, जनता उठ्नुपर्ने सन्देश, नयाँ युगको आह्वान जस्ता विचार रहेका छन्। यसले पुरानो सामाजिक संरचनालाई चुनौती दिँदै नयाँ व्यवस्था निर्माणको आवश्यकतालाई जोड दिएको स्पष्ट छ। वर्गीय चेतनाको अभिव्यक्ति काव्यभरि व्याप्त भएको छ। शोषित वर्ग (जनता, किसान, मजदुर) को पक्ष लिनु, शासक वर्गको दमनकारी भूमिकाको आलोचना गर्नु, अन्याय सहेर बस्नुभन्दा प्रतिरोध र सङ्घर्षको बाटो रोज्नुपर्ने जस्ता अभिव्यक्ति वर्गीय चेतनाको गम्भीर घनत्वलाई देखाउँछ। यसले वर्गसङ्घर्षको अवधारणालाई समर्थन गर्दछ। त्यस्तै पुरानो व्यवस्था प्रति विद्रोहको रुपमा पुरानो ढाँचा, जर्जर संरचना, अन्यायपूर्ण शासन जस्ता सङ्केतहरूलाई प्रस्तुत गरिएको छ। यस्ता शब्दहरूले सामन्तवाद वा प्रतिक्रियावादी सत्ताको विरोध जनाउँछन्। परिवर्तनलाई ऐतिहासिक आवश्यकताको रूपमा प्रस्तुत गरिएको छ। यो दृष्टिकोण ऐतिहासिक भौतिकवादसँग मेल खान्छ, जसअनुसार समाज निरन्तर परिवर्तनशील हुन्छ।

आगोको यात्रा  खण्डकाव्य मूलतः सङ्घर्ष, बलिदान र परिवर्तनको चेतनालाई केन्द्रमा राखेर रचित काव्यकृति हो। यस काव्यमा आगो केवल प्राकृतिक तत्त्व होइन विद्रोह, जागरण र रूपान्तरणको प्रतीकका रूपमा प्रयोग गरिएको छ। दमन, अन्याय र शोषणले थिचिएको समाजभित्र सञ्चित आक्रोश जब चेतनामा रूपान्तरित हुन्छ, त्यही चेतनाको ज्वाला नै आगो का रूपमा काव्यमा प्रकट भएको देखिन्छ। कविताहरूमा उत्पीडित जनताको पीडा, उनीहरूको ऐतिहासिक सङ्घर्ष र सहिदहरूको बलिदानलाई उच्च सम्मानका साथ चित्रित गरिएको छ। रगत, बन्दुक, आन्दोलन, सडक, जनशक्ति जस्ता बिम्बहरूले वर्गीय द्वन्द्वको यथार्थलाई मूर्त रूप दिएका छन्। काव्यले देखाउँछ कि परिवर्तन सहज प्राप्ति होइन; त्यसका लागि त्याग, साहस र निरन्तर सङ्घर्ष आवश्यक हुन्छ। यस यात्रामा भ्रम, विचलन र विश्वासघातका सङ्केतहरू पनि देखिन्छन्, जसले क्रान्तिपछिको अवस्थामा समेत प्रश्नचिन्ह खडा गर्छ। 'आगोको यात्रा' केवल विगतको स्मरण होइन, वर्तमानको मूल्याङ्कन र भविष्यको आह्वान पनि हो। काव्यले पाठकलाई निष्क्रिय सहानुभूतिमा सीमित नराखी सक्रिय सहभागितातर्फ प्रेरित गर्छ। चेतनाको जागरणलाई सामाजिक रूपान्तरणको पहिलो शर्तका रूपमा प्रस्तुत गरिएको छ। आगोको प्रतीक क्रमशः व्यक्तिगत पीडाबाट सामूहिक विद्रोहमा रूपान्तरित हुँदै समाज परिवर्तनको शक्तिमा परिणत हुन्छ। समग्रमा, यो काव्य अन्यायविरुद्धको प्रतिरोध, वर्गीय मुक्ति र समानतामूलक समाजको आकांक्षालाई काव्यात्मक रूपमा अभिव्यक्त गर्ने रचना हो। यसले यथार्थको चित्रण मात्र नगरी परिवर्तनको दिशामा अघि बढ्न आह्वान गर्ने प्रेरणात्मक स्वर बोकेको छ। त्यसैले 'आगोको यात्रा' सङ्घर्षदेखि रूपान्तरणसम्मको ऐतिहासिक तथा चेतनामूलक यात्राको काव्यात्मक दस्तावेजका रूपमा स्थापित हुन्छ।

## आगोको प्रतीक र वर्गसङ्घर्ष

खण्डकाव्यमा आगो, ज्वाला, भष्म, रगत, पीडा, सल्काउने जस्ता शब्दहरूको आवृत्ति उल्लेखनीय

छ। प्रगतिवादी दृष्टिले यी शब्दहरू केवल प्राकृतिक तत्त्व होइनन्, बरु वर्गीय द्वन्द्वका प्रतीक हुन।आगोलाई क्रान्तिको प्रतीक, ज्वालालाई दमनविरुद्धको प्रतिरोध, रगतलाई वर्गसङ्घर्षको मूल्य, पीडालाई शोषित वर्गको ऐतिहासिक दुःखको प्रतीक बनाइएको छ। आगाको यात्रा वास्तवमा शोषित वर्गको चेतनात्मक विकास र विद्रोहको ऐतिहासिक यात्रा हो।  यहाँ आगो विनाश मात्र होइन, सृजनात्मक विनाशको बिम्ब हो र पुरानो अन्यायी संरचनालाई जलाएर नयाँ, समानतामूलक समाजको निर्माण गर्ने प्रक्रियाको रूपमा त्यसलाई प्रस्तुत गरिएको छ। यो अवधारणा द्वन्द्वात्मक भौतिकवादसँग मेल खान्छ, जहाँ पुरानो र नयाँ बीचको द्वन्द्वबाट इतिहास अगाडि बढ्छ।

## युवा र शब्दको क्रान्तिकारी भूमिका

कवितामा युवाहरू, स्वागत छ शब्दहरूलाई जस्ता अभिव्यक्तिहरूले परिवर्तनको सक्रिय शक्ति सङ्केत गर्छन्।प्रगतिवादी दृष्टिलेयुवा वर्ग परिवर्तनको वाहक, शब्द चेतनाको माध्यम र साहित्य वर्गसङ्घर्षको वैचारिक हतियार हो। यहाँ शब्दलाई स्वागत गर्नुको अर्थ साहित्य तटस्थ छैन भन्ने स्वीकारोक्ति हो। कविता केवल भावनात्मक अभिव्यक्ति नभई सामाजिक चेतना निर्माण गर्ने साधन हो।यसरी, युवाशक्ति र शब्दशक्ति दुवैलाई क्रान्तिको साधनका रूपमा प्रस्तुत गरिएको छ।

## आमाको प्रतीकात्मक अर्थ

आगोको यात्रा खण्डकाव्यमा आमाको स्तनपान गर्दै (पृ. २) भन्ने अंशले बहुआयामिक प्रतीकात्मकता बोकेको देखिन्छ। प्रगतिवादी विश्लेषणमा आमाको अर्थ मातृभूमि, श्रमशील जनता, वर्गीय परम्परा, क्रान्तिकारी विरासत जस्ता शब्दावलीमा स्थापित गर्न सकिन्छ। यदि एउटै बिम्बमा पोषण र प्रतिरोध दुवै सङ्केतित छन् भने, त्यसले नयाँ पुस्ताले जीवन मात्र होइन, सङ्घर्षको परम्परा पनि ग्रहण गरिरहेको अर्थ दिन्छ। यसले सृजन र सङ्घर्षलाई एउटै ऐतिहासिक प्रक्रियामा जोड्छ।

## सामाजिक यथार्थ र वर्गीय चेतना

खण्डकाव्यमा काल्पनिक आदर्शलोकको चित्रण छैन। बरु रगत, पीडा, सङ्घर्ष, दमन, विद्रोह जस्ता यथार्थवादी तत्त्वहरू प्रमुख छन्। प्रगतिवादका अनुसारदुःख व्यक्तिगत नभई संरचनात्मक हुन्छ,अन्याय ऐतिहासिक शक्ति–सम्बन्धबाट उत्पन्न हुन्छ र साहित्यले यथार्थलाई लुकाउनु होइन, उजागर गर्नुपर्छ। खण्डकाव्यमा प्रश्नात्मक शैली वा विद्रोही भावले शासक संरचनाप्रतिको असन्तोष र वर्गीय चेतनाको सङ्केत प्रस्तुत गर्दछ। यहाँ करुणा निष्क्रिय भावुकता होइन, परिवर्तनको पूर्वचरण हो। करुणाबाटचेतना, चेतनाबाट सङ्घर्ष, सङ्घर्षबाट परिवर्तनको अवस्थालाई खण्डकाव्यले सुदृढ रूपमा प्रस्तुत गर्दछ। सामाजिक अवस्थाको यथार्थ चित्रण गरेर दुःख, अभाव, विभेदको सजीव प्रस्तुति दिइएको छ। खण्डकाव्यमा आशा र सङ्घर्षको भाव स्पष्ट देखिन्छ।

## पुरानो व्यवस्थाप्रतिको आलोचना र नयाँ समाजको सङ्केत

कवितामा नयाँ सिर्जना, ज्वाला, आगोको मुटु, स्वागत आदि सङ्केतहरूले पुरानो अन्यायी संरचना समाप्त हुँदैछ,नयाँ युग जन्मिँदैछ, परिवर्तन ऐतिहासिक आवश्यकता हो भन्ने धारणा कविले प्रस्तुत

गरेका छन्। यस प्रकारको धारणाले ऐतिहासिक भौतिकवादसँग मेल खान्छ, जसअनुसार समाज निरन्तर परिवर्तनशील हुन्छ र वर्गीय द्वन्द्व नै इतिहासको प्रेरक शक्ति हो।यहाँ क्रान्ति केवल नकारात्मक विनाश होइन, सकारात्मक निर्माणको प्रक्रिया हो।

## कथानक, पक्षधरता, चेतना र सम्बन्धको कसीमा काव्य

काव्यले द्वन्द्वात्मक भौतिकवादी दर्शनको आधारमा कथानक निर्माण, सर्वहारावर्गीय विचारधाराको पक्षधरता, आर्थिक–भौतिक यथार्थ र वैचारिक चेतनाबीचको सम्बन्ध द्वन्द्वात्मक रूपमा चित्रित, परिवर्तनमुखी चेतना निर्माण जस्ता पक्षमा पुर्‍याएको योगदान यस अध्ययनका मुख्य विषयवस्तु हुन्।

## द्वन्द्वात्मक भौतिकवादी दर्शनको आधारमा कथानक निर्माण

काव्यमा बारम्बार ‘सङ्घर्ष’, ‘इतिहास’, ‘जनता’, ‘पीडा’, ‘रगत’, ‘विकास’, ‘आन्दोलन’, ‘जागरण’ जस्ता शब्द र भावहरू आएका छन्। यसले समाज स्थिर नभई परिवर्तनशील छ भन्ने दृष्टि प्रस्तुत गर्छ। द्वन्द्वात्मक भौतिकवादका अनुसार समाज विरोधाभासमा आधारित हुन्छ। ती विरोधाभासको टकरावबाट नयाँ यथार्थ जन्मिन्छ। इतिहास वर्गसंघर्षको इतिहास हो।काव्यमा पुरानो संरचना (सामन्ती तथा दमनकारी व्यवस्था) र नयाँ चेतना (जागरण, आन्दोलन, प्रतिरोध) बिचको टकराव देखिन्छ। त्यसैले कथानक केवल भावनात्मक होइन, ऐतिहासिक–सङ्घर्षपरक गतिशीलतामा उभिएको छ। यस आधारमा भन्न सकिन्छ कि काव्यले द्वन्द्वात्मक भौतिकवादी चिन्तनसँग मिल्दोजुल्दो संरचना ग्रहण गरेको छ। द्वन्द्वात्मक भौतिकवाद अनुसार समाजको आधार (आर्थिक संरचना) र अधिरचना (राजनीति, विचार, कानुन, संस्कृति) बिच अन्तर्सम्बन्ध हुन्छ, र परिवर्तन द्वन्द्वबाट उत्पन्न हुन्छ।कविताको पहिलो अंशमा लेखिएको छ :

जनताको शक्ति साटेपछि
विस्तारै बन्दुकहरु सल्बलाउन थाले,
बुटहरु स्वतन्त्रतामा परेड खेल्न थाले (पृ. ८)

यहाँ “जनताको शक्ति साटिनु” ले क्रान्तिपछि उत्पन्न सत्ताको हस्तान्तरणलाई जनाउँछ । तर त्यो शक्ति फेरि सैन्य–सत्तात्मक संरचनामा परिणत हुन्छ। “बन्दुक” र “बुट” राज्य–सत्ताको दमनकारी संयन्त्रका प्रतीक हुन्। यसले स्पष्ट रूपमा देखाउँछ कि जनताको नाममा आएको सत्ता पुनः जनताविरोधी संरचनामा परिणत भएको छ। यो प्रक्रिया स्वयं द्वन्द्वात्मक छ : क्रान्ति–सत्ता हस्तान्तरण–सत्ताको विचलन–पुनः वर्गीय दमन। यस अर्थमा काव्य द्वन्द्वात्मक संरचनामा आधारित देखिन्छ।

## सर्वहारावर्गीय विचारधाराको पक्षधरता

काव्यमा जनताको पीडा, श्रम, अभाव, अन्याय, दमन आदिको चित्रण छ। शासक वा सत्ताधारी वर्गको महिमा गान छैन, बरु उत्पीडित वर्गको आवाज प्रमुख रूपमा आएको छ। काव्यले सर्वहारा वर्गीय पक्षधरता देखिने आधारहरूमा श्रमजीवी वर्गप्रति सहानुभूति, अन्यायपूर्ण संरचनाको आलोचना, परिवर्तन र सङ्घर्षको आह्वान, सामूहिक मुक्ति र ऐतिहासिक जिम्मेवारीको बोधलाई प्रस्तुत गरेको छ। जनता नै इतिहासका निर्माता हुन् भन्ने अभिव्यक्ति स्पष्ट रूपमा मार्क्सवादी ऐतिहासिक भौतिकवादको आधार

हो। त्यसैले यो तटस्थ नभई वर्गीय दृष्टिकोणसहितको रचनाको रुपमा रहेको छ। हँसिया हथौडामा इमान राखेनन्” भन्ने पंक्ति अत्यन्त अर्थपूर्ण छ। हँसिया–हथौडा सर्वहारावर्गीय क्रान्तिको प्रतीक हो।

ज्वालामा गुलाफ रोपेर
उज्यालाका सैतानहरुले
इखालु इतिहास हाँस्न छाडेनन् (पृ. ८)

उपर्युक्त हरफले क्रान्तिको ज्वालामा ‘गुलाफ’ रोपिएको देखाएर संशोधनवादीहरूले मूल वर्गीय सङ्घर्षलाई कमजोर पारिएको सङकेत गरेका छन्।यसले सर्वहारावर्गीय आदर्शको विश्वासघातप्रति असन्तोष प्रकट गर्दछ। त्यसैले काव्य सर्वहारा विचारधाराको समर्थनभन्दा पनि त्यसको विचलनको आलोचना गर्छ। अर्थात्, काव्यले वर्गीय मुक्ति र राजनीतिक सङ्घर्षलाई केन्द्रीय ध्येयका रूपमा स्वीकार गरेको छ, तर व्यवहारमा आएको पतनलाई व्यङ्ग्यात्मक शैलीमा उद्घाटन गरेको छ।

पसिना र पौरखका सङ्कल्पहरू
मुक्त आकाश खोजेर
मृत्यु रोजेर
हातमा समाउँछन् जीवनको पताका। (पृ. २४)

उपर्युक्त पङ्क्तिहरूको घनिभूतता मुक्ति र न्यायको लागि कहिल्यै पराजित नहुने सर्वहारा वर्गको चरित्रलाई प्रस्तुत गर्नु रहेको छ। “पसिना र पौरखका सङ्कल्पहरू” भनेका अजेय सर्वहारावर्गका योद्धाहरू हुन्। उनीहरू मानवको अन्तिम स्वतन्त्रता वा विजयका लागि मृत्यु रोजेर भएपनि जीवनको समृद्धि खोज्न पुगेको तथ्यलाई यो खण्डकाव्यले सुन्दरतम रूपमा प्रस्तुत गरेको छ।

प्रत्येक स्वतन्त्र जन्महरु
पराधीन भएर बाँच्दैनन्
कुरीतिमा सम्झौता गर्दैनन्
चेतना भरेर शब्दहरुमा
चेतना भरेर लयहरूमा
उनीहरुले मानवताको गीत गाउँछन्
पसिना परिश्रमीको गीत गाउँछन्। (पृ. २६)

उपर्युक्त हरफले सर्वहारावर्गको ऐतिहासिक सामाजिक विकास प्रक्रियालाई स्पष्ट गर्दछ। सर्वहारा वर्ग जसले पुरानो सत्तामा आफ्नो सर्वस्व गुमाएको हुन्छ, उसले चेतनाको विकास भएपछि उक्त सत्तासँग सम्झौता गर्दैन, सङ्घर्ष गरेर अगाडि बढ्छ।

**आर्थिक–भौतिक यथार्थ र वैचारिक चेतना बिचको सम्बन्ध द्वन्द्वात्मक रूपमा चित्रित**

कार्ल मार्क्सले (१९८७, पृ. १) ले भनेझैं, मानिसहरूको चेतना उनीहरूको अस्तित्वले निर्धारण गर्छ। काव्यमा लेखिएको छ :

सभ्यताको छोटो बैसाखी टेकेर,
कुकुरलाई मासु पैचौ मागेजस्तै भयो (पृ. ८)

उपर्युक्त पंक्ति शासक वर्गको निर्भरता र नैतिक पतनको चित्रण हो। आर्थिक–भौतिक संरचनामा भएको विचलनले विदेशी हस्तक्षेप, सैन्य प्रभाव, श्रमको शोषणलाई बढाएर लगिएको विषय वैचारिक चेतनामा पनि प्रतिबिम्बित भएको छ।अगाडि लेखिएको छ :

भारतको कोठीमा/मलायाको छाउनीमा
नेपाल दुखेजस्तै भए
नेपालका नदीनालाहरु (पृ. ८)

यहाँ नेपाली श्रमिक/सैनिकहरूको विदेशी भूमिमा प्रयोग भएको अवस्थाले विश्व–पूँजीवादी संरचनासँगको सम्बन्ध देखाउँछ। आर्थिक संरचना (वैदेशिक श्रम, सैन्य संलग्नता) र राष्ट्रिय चेतनाबीचको द्वन्द्वात्मक सम्बन्ध यहाँ प्रस्ट देखिन्छ। यसैले काव्यले भौतिक यथार्थ र चेतनाको अन्तर्सम्बन्धलाई द्वन्द्वात्मक रूपमा प्रस्तुत गरेको छ।

द्वन्द्वात्मक भौतिकवाद अनुसार आर्थिक आधारले चेतनालाई प्रभाव पार्छ, तर चेतनाले पनि पुनः भौतिक यथार्थ परिवर्तनमा भूमिका खेल्छ। काव्यमा अभाव, शोषण, गरिबी जस्ता भौतिक अवस्थाबाट जागरण, विद्रोह, चेतना, आन्दोलन जन्मिएको छ। यो द्वन्द्वात्मक सम्बन्धको चित्रण हो। काव्यमा भौतिक पीडा (गरिबी, दमन) बाट वैचारिक प्रतिरोध र आन्दोलनतर्फको रूपान्तरण देखिन्छ। यसले चेतना केवल प्रतिबिम्ब मात्र नभई परिवर्तनकारी शक्ति पनि हो भन्ने कुरा सङ्केत गर्छ। यसकारण आर्थिक यथार्थ र चेतनाबीचको सम्बन्ध द्वन्द्वात्मक रूपमा चित्रित भएको देखिन्छ।

**परिवर्तनमुखी चेतना निर्माण**

काव्य केवल पीडाको वर्णनमै सीमित छैन। त्यसैले यो काव्य यथार्थवादी हो नै, तर निरपेक्ष चित्रण होइन। यहाँ संघर्षको आव्हान छ, जागरणको स्वर छ, ऐतिहासिक परिवर्तनको आकांक्षा छ, सामूहिक जिम्मेवारीको बोध छ। यसले पाठकलाई निष्क्रिय बनाउँदैन, बरु सक्रिय ऐतिहासिक भूमिकातर्फ उन्मुख गर्छ। त्यसैले यो केवल निरपेक्ष चित्रण होइन, परिवर्तनमुखी चेतना निर्माण गर्ने काव्य हो। अर्थात यो काव्य केवल यथार्थको निरपेक्ष प्रस्तुति होइन। यसमा तीव्र व्यङ्ग्य, आलोचना, र आक्रोश छ।

मलाया र फकल्याण्डमा झरेका
श्रीलङ्का र कारीगलमा परेका
नेपाली छोरो जस्तै भए
आन्दोलनका सहिदहरु (पृ. ८)

यो नेपालको वास्तविकताको गहिरो प्रस्तुति हो। सहिदहरूको बलिदान र वर्तमान सत्ताको विचलनबिचको विरोधाभासले पाठकलाई प्रश्न गर्न बाध्य बनाउँछ। काव्यले वर्गीय विभेद, उत्पीडन, वैचारिक विश्वासघात, राष्ट्रिय–आर्थिक निर्भरतायी सबैलाई उद्घाटन गर्दै परिवर्तनमुखी चेतना निर्माण गर्ने प्रयास गरेको छ। यस्ता

अरू कैयौँ प्रसङ्ग पनि खण्डकाव्यमा आएका छन् :

आफन्तहरूको अनुहार देखेर नतर्सनु
लड छोराहरू लड। (पृ. ९)

यी पङ्क्तिहरूले भय, त्रास, लोभ र लालसाबाट मुक्त रहेर क्रान्तिको बाटोमा हिड्नुपर्ने आवश्यकतालाई बोध गराउँछन्। त्यस्तै "माकुराको जालो र सत्तामा केही फरक छैन" (पृ. १३) ले प्रतिक्रियावादी सत्ताको विशेषतालाई बुझ्ने चेतना प्रदान गर्दछ। "न त, भेडो र स्याल नै डमरू हुन्छन्" (पृ. १४) ले पुँजीपति वर्गले कहिल्यै पनि श्रमजीवि वर्गको कल्याण गर्न सक्दैन, त्यसले सँधै शोषण गर्ने प्रवृत्ति राख्दछ भन्ने सन्देश दिन्छ। यस प्रकारका चेतनामुखी व्यञ्जनाहरू काव्यभरि व्याप्त रहेका छन्।

समाजको यथार्थ चित्रण
बिर्सेर विगतको फागु युद्ध
कालो रातमो तस्करीहरु बले,
सोध्छन् मनहरू
फागु खेल्दाको क्षितिज देख्नुभयो ? (पृ. ७)

यी पङ्क्तिहरूले "फागु"को अर्थ रङ, उत्सव, सामूहिकता र "कालो रातमा तस्करीहरू बले" को अर्थ अन्धकार, शोषण, अवैध आर्थिक क्रियाकलाप हो भन्ने दर्शाएका छन्। यसरी दुई विपरित प्रवृत्ति बीचको द्वन्द्वात्मक सम्बन्धलाई काव्यमा स्पष्ट रूपमा प्रस्तुत गरिएको छ। मार्क्सवादी सिद्धान्तअनुसार समाजको आधारभूत संरचनाले माथिल्लो संरचनाको रूपमा रहेका संस्कृति, उत्सव, चेतना आदिलाई निर्धारण गर्छ। यहाँ फागु जस्तो सांस्कृतिक उत्सव जनताको सामूहिक खुशी र बराबरीको प्रतीक हो, तर "तस्करीहरू बले" भन्ने वाक्यांशले पुँजीवादी र अवैध आर्थिक शक्तिहरूले अन्धकारमा आफ्नो स्वार्थ पूरा गरिरहेको यथार्थलाई उजागर गर्छ। यसले देखाउँछ कि शासक वा प्रभुत्वशाली वर्गले सांस्कृतिक उत्सवलाई आवरणको रूपमा प्रयोग गरी वास्तविक आर्थिक शोषणलाई लुकाइरहेको हुन्छ। "सोध्छन् मनहरू" भन्ने पङ्क्तिले जनचेतनाको उदय र वर्गीय सङ्घर्षको आवश्यकतातर्फ सङ्केत गरेको आभाष हुन्छ। जनतामा वास्तविकता र भ्रमबीचको अन्तर बुझ्ने क्षमताको विकास हुन थालेका अवस्थालाई यसले प्रस्तुत गर्दछ। यसरी काव्यभरि समाजको प्रतिक्रियावादी विशेषता र त्यसका विरुद्धको न्यायिक लडाईलाई प्रस्तुत गरेर तत्कालीन नेपाली समाजको अवस्थालाई स्पष्ट गरिएको छ।

**वर्गसङ्घर्षको चित्रण**

क्षितिजको कलिलो घाम देखेर
एउटाले भन्यो–
म त्यसलाई टपक्क टिपेर फ्याँकिदिन्छु
अर्काले त्यसमा थप्यो–
त्यस्तो चिसो घामले के गर्छ र ?
सत्ताको छटपटी मेट्न चुसिदिन्छ (पृ. १७)

उपर्युक्त पङ्क्तिहरूमा "क्षितिजको कलिलो घाम" नयाँ सम्भावना, परिवर्तनको आशा र उदाउँदो जनवादी चेतनाको प्रतीकका रूपमा देखा पर्छ। तर पात्रहरूले त्यसलाई "टपक्क टिपेर फ्याँकिदिन्छु" र "चिसो घामले के गर्छ र ?" भनी अस्वीकार गर्नुले शासक वा प्रभुत्वशाली वर्गको प्रतिक्रियावादी मनोविज्ञानलाई सङ्केत गर्छ, जसले कुनै पनि क्रान्तिकारी सम्भावनालाई प्रारम्भमै दबाउन खोज्छ। "सत्ताको छटपटी मेट्न चुसिदिन्छ" भन्ने अभिव्यक्तिले सत्ताधारी वर्गको स्वार्थ, लोभ र शोषणकारी चरित्रलाई अझ स्पष्ट पार्छ। उनीहरू परिवर्तनको स्रोतलाई नष्ट मात्र गर्दैनन्, बरु त्यसलाई आफ्नै हितअनुकूल उपयोग गर्न खोज्छन्। उदाउँदो प्रगतिशील शक्ति र यथास्थितिवादी सत्ताबीच द्वन्द्व चलिरहेको हुन्छ भन्ने कुरा यी पङ्क्तिबाट प्रष्ट हुन्छ। काव्यको सुरुवातबाट नै वर्गसङ्घर्षको छनक देखिन थाल्छ र त्यो उत्कर्षमा पुग्दै महान श्रमिक जनताको अन्तिम विजयसम्म जाने अवश्यमभावी घटनाको रूपमा प्रस्तुत गरिएको छ।

## समग्र मूल्याङ्कन

प्रगतिवादी दृष्टिकोण मूलतः मार्क्सवादी चिन्तनबाट प्रभावित साहित्यिक–दार्शनिक धार हो, जसले समाजमा विद्यमान वर्गीय विभाजन, शोषण–उत्पीडन, अन्यायपूर्ण सत्ता संरचना र सामन्तवादी संस्कारको विरोध गर्दै समानतामूलक तथा जनवादी समाज निर्माणको पक्ष लिन्छ। यस दृष्टिले साहित्यलाई केवल सौन्दर्य–केन्द्रित अभिव्यक्ति नभई सामाजिक रूपान्तरणको वैचारिक साधनका रूपमा ग्रहण गर्छ। यही सैद्धान्तिक आधारमा आगोको यात्रा खण्डकाव्यलाई हेर्दा यो वर्गीय चेतनाले ओतप्रोत कृति रूपमा देखा पर्छ। काव्यले शोषित वर्गको पक्षमा स्पष्ट रूपमा उभिँदै अन्यायविरुद्धको आवाज घन्काएको छ। आगोलाई सृजनात्मक क्रान्तिको प्रतीक बनाउँदै यसले युवाशक्तिलाई परिवर्तनको प्रमुख माध्यम मानेको छ। "जनताको शक्ति साटेपछि बन्दुकहरू सल्बलाउन थाले" जस्ता अभिव्यक्तिले क्रान्तिपछि उत्पन्न सत्ताविचलन र पुनःस्थापित दमनकारी संरचनाको आलोचना गर्छ। यसले आर्थिक आधार र राजनीतिक–वैचारिक अधिरचनाबिचको द्वन्द्वात्मक सम्बन्धतर्फ लक्षित गर्दै ऐतिहासिक भौतिकवादसँग सामञ्जस्य स्थापित गर्छ। त्यस्तै "हँसिया हथौडामा इमान राखेनन्" भन्ने पंक्तिले सर्वहारावर्गीय आदर्शप्रतिको विश्वासघातलाई उजागर गर्दै वर्गीय संघर्षको मूल मर्म स्मरण गराउँछ। विदेशी भूमिमा नेपाली श्रम र पीडाको चित्रणमार्फत आर्थिक–भौतिक यथार्थ र चेतनाबीचको सम्बन्ध पनि उद्घाटित गरिएको छ। काव्य केवल पीडा वा करुणाको प्रस्तुति होइन; यसले चेतना, प्रतिरोध र रूपान्तरणको आग्रह गर्छ। पुरानो अन्यायपूर्ण संरचनालाई अस्वीकार गर्दै नयाँ, समानतामूलक समाज निर्माणको विचार प्रस्तुत गर्नु यसको केन्द्रीय लक्ष्य हो।

## निष्कर्ष

समग्र विश्लेषणका आधारमा आगोको यात्रा खण्डकाव्य द्वन्द्वात्मक संरचनामा आधारित र प्रगतिवादी चिन्तनसँग सुसम्बद्ध कृति ठहरिन्छ। यसले शोषित वर्गको पक्ष लिँदै दमनकारी संरचनाको आलोचना गरेको छ। सर्वहारावर्गीय आदर्शको समर्थन गर्दै त्यसमा देखिएका विचलनप्रति पनि प्रश्न उठाएको छ। काव्यमा आर्थिक–भौतिक अवस्था र वैचारिक चेतनाबीचको सम्बन्ध स्थिर नभई गतिशील र पारस्परिक

प्रभावयुक्त रूपमा प्रस्तुत गरिएको छ। भौतिक अभाव र शोषणबाट चेतना जन्मन्छ, चेतनाबाट सङ्घर्ष उत्पन्न हुन्छ, र सङ्घर्षले परिवर्तनको आकांक्षा जन्माउँछ—यो द्वन्द्वात्मक प्रक्रिया काव्यमा स्पष्ट देखिन्छ। यसरी, काव्य केवल यथार्थको निरपेक्ष चित्रणमा सीमित छैन; यसले आलोचनात्मक राजनीतिक सचेतना र परिवर्तनमुखी दृष्टि निर्माण गर्दछ। व्यक्तिगत भावनाभन्दा माथि उठेर सामूहिक सङ्घर्षको काव्यात्मक घोषणापत्रका रूपमा उभिएको यो कृति प्रगतिवादी साहित्यको सशक्त उदाहरणका रूपमा स्थापित हुन्छ। सांस्कृतिक प्रतीक "फागु" र आर्थिक यथार्थ "तस्करी" बीचको द्वन्द्वात्मक सम्बन्धलाई स्पष्ट रूपमा देखाइनुले  आधार–अधिरचनाको सम्बन्धलाई प्रभावकारी रूपमा उजागर गर्छ। यसमा विशेषगरी प्रभुत्वशाली वर्गले सांस्कृतिक उत्सवलाई वैचारिक आवरणका रूपमा प्रयोग गरी शोषणलाई लुकाउने प्रक्रियालाई प्रस्तुत गर्नु तार्किक छ। परिवर्तनको सम्भावना र जनवादी चेतनालाई काव्यमा गम्भीर जोड दिइनु महत्त्वपूर्ण छ। काव्यभित्र वर्गीय यथार्थ, चेतनाको विकास, र द्वन्द्वात्मक प्रक्रियालाई सफलतापूर्वक प्रविष्ट गराइएको छ। समग्रमा, आगोको यात्रा व्यक्तिगत संवेदनाभन्दा माथि उठेर सामूहिक सङ्घर्षको काव्यात्मक घोषणापत्र बनेको छ। यसले पाठकलाई सहानुभूतिमा सीमित नराखी सक्रिय सामाजिक सोच र परिवर्तनतर्फ उन्मुख गराउँछ। त्यसैले यो काव्य द्वन्द्वात्मक भौतिकवादी संरचनामा आधारित, जनपक्षीय र प्रगतिवादी साहित्यको सशक्त उदाहरणका रूपमा स्थापित हुन्छ।

## सन्दर्भसूची

कड्वेल, क्रिस्टोफर.(सन् १९५६).*इलुजन एन्ड रियालिटी.* नयाँ दिल्ली : पिपुल्स पब्लिसिङ हाउस।

किरण, मोहन वैद्य. (२०७७). *मार्क्सवादी समालोचना,* ताराकान्त पाण्डेय (सम्पा.). काठमाडौ : शमी साहित्य प्रतिष्ठान।

गोर्की, म्याक्सिम. (सन् १९८७). *अन लिट्रेचर.* मस्को : फरेन ल्याङ्ग्वेज पब्लिसिङ हाउस।

गौतम, दीपक. (२०७५). *महाकाव्य अध्ययन.* सुर्खेत : लेखक स्वयम्।

चैतन्य. (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा* (दोश्रो सं.). काठमाण्डौँ : ऐरावती प्रकाशन प्रा.लि.।

जीस, अब्नेर. (सन् १९८५). *कलाके वैचारिक और सौन्दर्यात्मक पहलु.* मस्को : रादुगा प्रकाशन।

जी.भी. प्लेखानोभ. (सन् १९५३).*आर्ट एन्ड सोसल लाइफ.* मस्को : पिपुल्स पब्लिसिङ हाउस।

त्सेतुङ, माओ.(सन् १९५६). *टक्स एट दि ऐनान फोरम अन आर्ट एन्ड लिटरेचर.* पेकिङ : फरेन ल्याङ्गुअज पब्लिसिङ हाउस।

फिसर, अन्सर्ट. (सन् १९६३). *दि नेसिसिटी अफ आर्ट.* काठमाडौँ : पेन्गुइन बुक्स।

मार्क्स, कार्ल. (सन् १९८७).*पूँजी खण्ड–१,* मस्को : प्रगति प्रकाशन।

मार्क्स, कार्ल र एङगेल्स, फ्रेडरिक.(सन् १९८२). सङ्कलित पत्रव्यवहार १८४४–१८९५, मस्को : प्रगति प्रकाशन।

मिश्र, शिवकुमार. (सन् २०१०).*मार्क्सवादी साहित्य–चिन्तन इतिहास तथा सिद्धान्त.* नयाँ दिल्ली : वाणी प्रकाशन।

याङ, चाऊ. (सन् १९५४).*चाइनिज न्यु लिट्रेचर एन्ड आर्ट.* पेकिङ : फरेन ल्याङ्ग्वेज पब्लिसिङ हाउस।

राय, महेशचन्द्र. (सन् २०१०).*मार्क्सवाद और साहित्य,* स्रोत : शिवकुमार मिश्र, मार्क्सवादी साहित्य–चिन्तन इतिहास तथा सिद्धान्त. नयाँदिल्ली : वाणी प्रकाशन।

लुनाचारस्की, ए.बी. (सन् १९६५). *अन लिट्रेचर एन्ड आर्ट.* मस्को : प्रोग्रेसेस पब्लिसर्स।

लूनाचार्स्की, अन्नातोली. (सन् १९८७). *समाजवादी यथार्थवाद,* ये सीदोरोब (सम्पा.). दिल्ली : साहित्य अकादमी।

लेनिन, भि. आई. (सन् १९६७). *अन लिट्रेचर एन्ड आर्ट.* मस्को : प्रोग्रेसेस पब्लिसर्स।

शर्मा, सुकुम. (२०६५). *आगोको यात्रा.* आगोको थात्रादेखि आगोको यात्रासम्म (काव्यसङ्ग्रह). काठमाडौ : एकेडेमिक बुक सेन्टर।

सिंह, मोहनविक्रम.(२०६९). प्रगतिवादी साहित्य र सौन्दर्य. *भृकुटी* प्रगतिवाद विशेषाङ्क, पृ. ३०६–३१२।